# नेपाली सेना

## श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा

## सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स पदहरुको लागि दरखास्त आव्हान

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/२८ गते)

१. नेपाली सेनाको स्वीकृत दरबन्दी भित्र रिक्त रहेका सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स (ब.का.सि., सुचिकार, सफाईकर्मी, चर्मकर्मी, लोहकार र केशकर्तक) पद खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ । योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सैन्य पदको हकमा नेपाली सेना भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल http://vacancy.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी सोको प्रिन्ट प्रति सहित स्वयम् उपस्थित भई तोकिएको भर्ना छनौट केन्द्रमा बुझाउने वा उम्मेदवार स्वयम् भर्ना छनौट केन्द्रमा उपस्थित भई दरखास्त फाराम भरी रू.१०।- (दश) को टिकट टाँसी दरखास्त पेस गर्न साथै, विभिन्न ट्रेडका फलोअर्स पदहरुको हकमा उम्मेदवार स्वयम् भर्ना छनौट केन्द्रमा उपस्थित भई दरखास्त फाराम भरी रू.१०।- (दश) को टिकट टाँसी दरखास्त पेस गर्न आव्हान गरिन्छ ।

२. **आवश्यक पद संख्या र भर्ना छनौट केन्द्रहरु**

(क) **सैन्य पद**. विज्ञापन नं.०८२/८३/२९

| सि.नं. | भर्ना केन्द्र | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तती | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आदिवासी/जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| १. | नारायणहिटी, काठमाडौं (श्री उपत्यका पृतना हे.क्वा.) (०१-५९७९३७६, ९८६०११३६२२) | १७ | १८३ | ३० | ४८ | ४२ | २२ | ८ | ३५० |
| २. | भकुण्डेबेशी, काभ्रेपलाञ्चोक (श्री नं.२६ वाहिनी अड्डा) (०११-१४०४०८५) | ३ | ३९ | ७ | १० | ९ | ५ | २ | ७५ |
| ३. | सुर्यविनायक, भक्तपुर (श्री रणशेर गण) (०१-५०९२१५६) | ५ | ५३ | ८ | १३ | १२ | ७ | २ | १०० |
| ४. | ईटहरी, सुनसरी (श्री पूर्वी पृतना हे.क्वा.) (०२५-५८४९३३) | १० | १०५ | १७ | २७ | २४ | १३ | ४ | २०० |
| ५. | हिले, धनकुटा (श्री नं.२ वाहिनी अड्डा) (०२६-५४०३९२) | ३ | ४० | ६ | ११ | ९ | ४ | २ | ७५ |

| सि.नं. | भर्ना केन्द्र | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तती | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आदिवासी/ जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| ६. | चारआली, झापा (श्री अरिदमन गण) (०२३-४६११०६, ९८६२६९४७४८) | ५ | ५२ | ९ | १४ | १२ | ६ | २ | १०० |
| ७. | तोक्मेडाँडा, ताप्लेजुङ्ग (श्री दुर्गादल गुल्म) (०२४-४६०२५५) | २ | २६ | ५ | ७ | ६ | ३ | १ | ५० |
| ८. | दिक्तेल, खोटाङ्ग (श्री रणभीम गण) (०३६-४२०३६५, ०३६-४२०३६६) | ४ | ३९ | ६ | १० | ९ | ५ | २ | ७५ |
| ९. | बर्दिवास, महोत्तरी (श्री मध्य पूर्वी पृतना हे.क्वा.) (०४४-५९००७८, ०४४-५९००८७, ९८५४०२०७७२) | ७ | ७९ | १३ | २१ | १८ | ९ | ३ | १५० |
| १०. | चोहर्वा, सिराहा (श्री नं.२७ वाहिनी अड्डा) (०३३-४०११०९) | ५ | ५२ | ९ | १४ | १२ | ६ | २ | १०० |
| ११. | कलैया, बारा (श्री रिपुमर्दन गण) (०५३-५५१५३६) | ५ | ५२ | ९ | १४ | १२ | ६ | २ | १०० |
| १२. | हेटौंडा, मकवानपुर (श्री मध्य पृतना हे.क्वा.) (०५७-४१९०००,०५७-४१९०१५, ९८६३०२८८८४) | ४ | ३९ | ६ | ११ | ९ | ५ | १ | ७५ |
| १३. | बैरेनी, धादिङ्ग (श्री नं.६ वाहिनी अड्डा) (०१०-४०३०५२) | ४ | ३९ | ६ | १० | ९ | ५ | २ | ७५ |
| १४. | भरतपुर, चितवन (श्री नयाँ सबुज गण) (०५६-४९३६७७, ९८६३०२९१८५) | ५ | ५२ | ८ | १३ | १२ | ७ | ३ | १०० |
| १५. | विजयपुर, कास्की (श्री पश्चिम पृतना हे.क्वा.) (०६१-४११६७५, ९८५६०११४३९) | ९ | ९१ | १५ | २४ | २१ | ११ | ४ | १७५ |
| १६. | शेराडिल, बाग्लुङ (श्री नं. २३ वाहिनी अड्डा) (०६८-५२११९४, ९८६३०२९१७१) | ४ | ३९ | ७ | ११ | ९ | ४ | १ | ७५ |

| सि.नं. | भर्ना केन्द्र | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तती | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आदिवासी/जनजाति | मधेसी | दलित | पिछडिएको क्षेत्र | |
| १७. | बुटवल, रुपन्देही (श्री मध्य पश्चिम पृतना हे.क्वा.) (०७१-४१९२०९, ०७१-४१९२१०, ९८६३०२९१३७) | १५ | १५७ | २६ | ४१ | ३६ | १९ | ६ | ३०० |
| १८. | भरतपुर, दाङ्ग (श्री ज्वालादल गण) (०८२-५६१०६३, ०८२-५६११००) | ५ | ५२ | ८ | १३ | १२ | ७ | ३ | १०० |
| १९. | सल्ले, रुकुम पश्चिम (श्री चण्डीदल गण) (०८८-५३००६३, ०८८-५३०२८३) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |
| २०. | निमारे, सुर्खेत (श्री उत्तर पश्चिम पृतना हे.क्वा.) (०८३-४१४०४५, ९८५८०८७७४८) | २२ | २२१ | ३७ | ५८ | ५१ | २७ | ९ | ४२५ |
| २१. | नेपालगञ्ज, बांके (श्री नं.४ वाहिनी अड्डा) (०८१-५६५२९७, ९८५८०८३२२१) | १२ | १३० | २१ | ३५ | ३० | १६ | ६ | २५० |
| २२. | देवलडाँडा, जुम्ला (श्री नं.२४ वाहिनी अड्डा) (०८७-५२०४७४, ०८७-५२०१९४) | ३ | ४० | ६ | ११ | ९ | ४ | २ | ७५ |
| २३. | तेघरी, कैलाली (श्री सुदूर पश्चिम पृतना हे.क्वा.) (०९१-५५०७४२, ९७६२३०६५६१) | १३ | १३० | २२ | ३४ | ३० | १६ | ५ | २५० |
| २४. | भगतपुर, कञ्चनपुर (श्री नं.२५ वाहिनी अड्डा) (०९९-५२४७०२, ०९९-५२५४४४, ९७६४२३९३६१) | ७ | ७८ | १४ | २१ | १८ | ९ | ३ | १५० |
| २५. | दिपायल, डोटी (श्री नं. ५ वाहिनी अड्डा) (०९४-४४०४३०, ०९४-४४०४२४, ९८६३०२९२००) | ४ | ३९ | ७ | १० | ९ | ५ | १ | ७५ |
| २६. | मंगलसेन, अछाम (श्री गोरखबक्स गण) (०९७-६२०२३३, ९८४७६९०७७२) | ३ | २६ | ४ | ७ | ६ | ३ | १ | ५० |

भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग जंगी अड्डा

(ख) **विभिन्न ट्रेडका फलोअर्स पदः** विज्ञापन नं.(ब.का.सि.-०८२/८३/३०, सुचिकार-०८२/८३/३१, सफाईकर्मी-०८२/८३/३२, चर्मकर्मी-०८२/८३/३३, लोहकार-०८२/८३/३४ र केशकर्तक-०८२/८३/३५)

| सि.नं. | भर्ना केन्द्र | पद | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तती | खुला तर्फ | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १. | संखुवासभा (श्री ईन्द्रदल गुल्म) (०२९-५६२१३१) | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | ० | १० |
| | | सफाईकर्मी | ० | ५ | १ | १ | १ | १ | ० | ९ |
| | | लोहकार | ० | ३ | ० | १ | १ | ० | ० | ५ |
| २. | शक्तिखोर चितवन (श्री सिंहनाथ गण (कमाण्डो)) (९८५५०९१६०१) | ब.का.सि. | १ | ८ | १ | २ | २ | १ | ० | १५ |
| | | केशकर्तक | ० | २ | ० | १ | १ | ० | ० | ४ |
| ३. | बुटवल, रुपन्देही (श्री मध्य पश्चिम पृतना हे.क्वा.) (०७१-४१९२०९, ०७१-४१९२१०, ९८६३०२९१३७) | सुचिकार | ० | २ | ० | १ | १ | ० | ० | ४ |
| | | सफाईकर्मी | ० | ३ | ० | १ | १ | ० | ० | ५ |
| | | चर्मकर्मी | ० | २ | ० | ० | १ | १ | ० | ४ |
| | | केशकर्तक | ० | २ | १ | १ | १ | ० | ० | ५ |
| ४. | हुटु व्यारेक, मुगु (श्री हनुमानध्वज गुल्म) (९७६५३६६७४५) | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | ० | १० |
| | | सफाईकर्मी | ० | ३ | ० | १ | १ | ० | ० | ५ |
| ५. | पानकोट व्यारेक, बझाङ (श्री शम्शेर गुल्म) (०९२-४२१३३४) | ब.का.सि. | १ | ५ | १ | १ | १ | १ | ० | १० |
| | | चर्मकर्मी | ० | २ | ० | १ | १ | ० | ० | ४ |
| | | लोहकार | ० | ३ | ० | १ | १ | ० | ० | ५ |

३. **दरखास्त फाराम पेस गर्ने मिति र स्थान :**

(क) **दरखास्त मिति** : मिति २०८२/०७/२८ गतेदेखि मिति २०८२/०८/२७ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८२/०८/२८ गतेदेखि मिति २०८२/०९/०५ गतेसम्म थप दिन ७ (सात) हुनेछ। उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ।

(ख) एकल तथा दोब्बर दस्तुर बुझाई दरखास्त पेस गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा उक्त मिति भन्दा पछाडीको कार्यालय खुल्ने दिनमा दरखास्त दस्तुर (राजस्व) बुझाई दरखास्त फाराम दर्ता गर्न सकिनेछ।

(ग) **स्थान** : आफूलाई पायक पर्ने तोकिएको भर्ना छनौट केन्द्र।

४. **दरखास्त दस्तुर** : सबै उम्मेदवारहरुले खुलातर्फ अनिवार्य रुपले फाराम भर्नु पर्नेछ र सो वापत सैन्य पदको लागि रु. १५०।- (एक सय पचास रुपैया मात्र) र विभिन्न ट्रेडका फलोअर्स पदको लागि रु. १००।- (एक सय रुपैया मात्र) बुझाउनु पर्नेछ। तर एउटै विज्ञापन नम्बरमा समावेशीतर्फको समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि थप २०% का दरले दस्तुर लाग्नेछ। उल्लिखित दस्तुर आफुले आवेदन दिने भर्ना छनौट केन्द्रको नाम (कार्यालयको नाम, कार्यालय कोड, बैंक खाता नम्बर र राजश्व शीर्षक नम्बर भरी) मा जम्मा गर्नुभई सोको सक्कलै भौचर र प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ उम्मेदवार स्वयम्ले पेस गर्नुपर्नेछ।

(क) सैन्य भर्ना छनौट केन्द्रहरु:

| क्र.सं. | भर्ना छनौट केन्द्र/कार्यालयको नाम | कार्यालय कोड | बैक/खाता नं. | राजश्व शीर्षक नं. |
|---|---|---|---|---|
| १. | नारायणहिटी, काठमाण्डौं (श्री उपत्यका पृतना हे.क्वा.) | ३४५०१३५१० | श्री नेपाल बैंक लिमिटेड, भुगोलपार्क शाखा<br>खाता नम्बर ००१०१०००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| २. | भकुण्डेवेशी, काभ्रेपलाञ्चोक (श्री नं.२६ वाहिनी अड्डा) | ३४५०१२६०१ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, भकुण्डेवेशी शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ३. | सुर्यविनायक, भक्तपुर (श्री रणशेर गण) | ३४५०१३३१६ | श्री नेपाल बैंक लिमिटेड, सुर्यविनायक शाखा<br>खाता नम्बर ००१०१०००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| ४. | ईटहरी, सुनसरी (श्री पूर्वी पृतना हे.क्वा.) | ३४५०११४०६ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, ईटहरी शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ५. | हिले, धनकुटा (श्री नं. २ वाहिनी अड्डा) | ३४५०१०६०२ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, हिले शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ६. | चारआली, झापा (श्री अरिदमन गण) | ३४५०११२०४ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, भद्रपुर शाखा<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ७. | तोक्मेडाँडा, ताप्लेजुङ्ग (श्री दुर्गादल गुल्म) | ३४५०१०१०३ | श्री नेपाल बैंक लिमिटेड, फुङलिङ शाखा<br>खाता नम्बर ००१०१०००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |

| क्र.सं. | भर्ना छनौट केन्द्र/कार्यालयको नाम | कार्यालय कोड | बैक/खाता नं. | राजश्व शीर्षक नं. |
|---|---|---|---|---|
| ८. | दिक्तेल, खोटाङ्ग (श्री रणभीम गण) | ३४५०१०८०३ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, दिक्तेल शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ९. | बर्दिबास, महोत्तरी (श्री मध्य पूर्वी पृतना हे.क्वा.) | ३४५०११८०८ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड,जलेश्वर शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| १०. | चोहर्वा, सिराहा (श्री नं.२७ वाहिनी अड्डा) | ३४५०११६०१ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, गोलबजार शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ११. | कलैया, बारा (श्री रिपुमर्दन गण) | ३४५०१२१०८ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, कलैया शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| १२. | हेटौडा, मकवानपुर (श्री मध्य पृतना हे.क्वा.) | ३४५०१३२११ | श्री नेपाल बैंक लिमिटेड, हेटौडा शाखा खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| १३. | बैरेनी, धादिङ्ग (श्री नं.६ वाहिनी अड्डा) | ३४५०१३००३ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, धादिङ्गवेशी शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| १४. | भरतपुर, चितवन (श्री नयाँ सबुज गण) | ३४५०१३१०८ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, भरतपुर शाखा, खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| १५. | विजयपुर, कास्की (श्री पश्चिम पृतना हे.क्वा.) | ३४५०१३९०६ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, पृथ्वीचोक शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| १६. | शेराडिल, बाग्लुङ (श्री नं.२३ वाहिनी अड्डा) | ३४५०१४५०३ | श्री नेपाल बैंक लिमिटेड, बाग्लुङ शाखा खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| १७. | बुटवल, रुपन्देही (श्री मध्य पश्चिम पृतना ह.क्वा.) | ३४५०१४८१० | श्री कृषि विकास बैंक लिमिटेड, भैरहवा शाखा खाता नम्बर ०१००२०१२७७००९०१६ | १४२२४ परीक्षा शुल्क |
| १८. | भरतपुर, दाङ्ग (श्री ज्वालादल गण) | ३४५०१५६०६ | श्री नेपाल बैंक लिमिटेड, घोराही शाखा खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| १९. | सल्ले, रुकुम पश्चिम (श्री चण्डीदल गण) | ३४५०१५९०२ | श्री नेपाल बैंक लिमिटेड, मुसिकोट शाखा खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ परीक्षा शुल्क |
| २०. | निमारे, सुर्खेत (श्री उत्तर पश्चिम पृतना हे.क्वा.) | ३४५०१६८०३ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, सुर्खेत शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २१. | नेपालगञ्ज, बांके (श्री नं. ४ वाहिनी अड्डा) | ३४५०१५७०१ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, नेपालगञ्ज शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |

| क्र.सं. | भर्ना छनौट केन्द्र/कार्यालयको नाम | कार्यालय कोड | बैक/खाता नं. | राजश्व शीर्षक नं. |
|---|---|---|---|---|
| २२. | देवलडाँडा, जुम्ला (श्री नं.२४ वाहिनी अड्डा) | ३४५०१६२०१ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, जुम्ला शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २३. | तेघरी, कैलाली (श्री सुदूर पश्चिम पृतना हे.क्वा.) | ३४५०१७७०९ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, अत्तरिया शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २४. | भगतपुर, कञ्चनपुर (श्री नं.२५ वाहिनी अड्डा) | ३४५०१७६०३ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, महेन्द्रनगर शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २५. | दिपायल डोटी (श्री नं. ५ वाहिनी अड्डा) | ३४५०१७१०७ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, दिपायल शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २६. | मंगलसेन, अछाम (श्री गोरखबक्स गण) | ३४५०१७२०२ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, मंगलसेन शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |

(ख) विभिन्न ट्रेडका फलोअर्स भर्ना छनौट केन्द्रहरु

| क्र.सं. | भर्ना छनौट केन्द्र/कार्यालयको नाम | कार्यालय कोड | बैक/खाता नं. | राजश्व शीर्षक नं. |
|---|---|---|---|---|
| १. | संखुवासभा (श्री ईन्द्रदल गुल्म) | ३४५०१०४०६ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, खाँदबारी शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| २. | शक्तिखोर चितवन (श्री सिंहनाथ गण (कमाण्डो)) | ३४५०१३१०४ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, भरतपुर शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ३. | बुटवल, रुपन्देही (श्री मध्य पश्चिम पृतना हे.क्वा.) | ३४५०१४८१० | श्री कृषि विकास बैंक लिमिटेड, भैरहवा शाखा खाता नम्बर ०१००२०१२७७००९०१६ | १४२२४ परीक्षा शुल्क |
| ४. | हुटु व्यारेक, मुगु (श्री हनुमानध्वज गुल्म) | ३४५०१६३०३ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, गमगढी शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |
| ५. | पानकोट व्यारेक, बझाङ (श्री शम्शेर गुल्म) | ३४५०१७००३ | श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, बझाङ शाखा खाता नम्बर १०००१००२०००१०००० | १४२२४ परीक्षा शुल्क |

भर्ना छनौट निर्देशनालय
कार्यरथी विभाग
जंगी अड्डा

## ५. आवश्यक योग्यता :

### (क) न्यूनतम शैक्षिक योग्यता :

| सि.नं. | पद | शैक्षिक योग्यता |
|---|---|---|
| १. | सैन्य | कक्षा ८ (आठ) उत्तीर्ण गरेको हुनुपर्नेछ । कक्षा ९ (नौं) उत्तीर्ण हुनेहरुले पनि कक्षा ८ (आठ) उत्तीर्णको शैक्षिक योग्यताको प्रमाणपत्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ । एस.एल.सी./एस.ई.ई. वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्नेहरुले कक्षा ८ (आठ) को प्रमाणपत्र बुझाउन (न) नपर्ने तर एस.एल.सी./एस.ई.ई. सहित सो भन्दा माथिको सबै शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि बुझाउनु पर्नेछ ।<br>**(क) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ लागू हुनु पूर्व जारी भएका प्रमाणपत्रको हकमा**<br>(१) कक्षा ८ (आठ) उत्तीर्णको प्रमाणपत्रमा न्यूनतम GPA–2 अनिवार्य हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br>(२) एस.एल.सी./एस.ई.ई. वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्नेहरुले पेस गरेको प्रमाणपत्रहरु मध्ये माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रमा न्यूनतम GPA-2/CGPA-1.6 अनिवार्य हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br>**(ख) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ बमोजिम जारी भएको प्रमाणपत्रको हकमा**<br>(१) कक्षा ८ र एस.ई.ई.को शैक्षिक योग्यताको हकमा न्यूनतम GPA-2 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।<br>(२) कक्षा १२ को शैक्षिक योग्यताको हकमा GPA-1.6 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।<br>**(ग)** बुँदा (क) र (ख) मा उल्लिखित ग्रेडिङ्ग व्यवस्था तोकिएको न्यूनतम शैक्षिक योग्यता वा सो भन्दा माथिल्लो शैक्षिक योग्यतामा मात्र लागू हुने । |
| २. | विभिन्न ट्रेडका फलोअर्स | साधारण लेखपढ गर्न सक्ने । |

### (ख) शारीरिक योग्यता :

| सि.नं. | पद | पुरुष | महिला |
|---|---|---|---|
| १. | सैन्य | (क) उचाई: न्यूनतम ५ फिट ३ ईन्च<br>(ख) छाती: नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च<br>(ग) वजन: न्यूनतम ५० के.जि.(११० पौण्ड) | (क) उचाई: न्यूनतम ५ फिट<br>(ख) वजन: न्यूनतम ४० के.जी. (८८ पौण्ड) |

| | | | |
|---|---|---|---|
| २. | विभिन्न ट्रेडका फलोअर्स | (क) उचाईः न्यूनतम ५ फिट २ ईन्च<br>(ख) छातीः नफुलाउंदा न्यूनतम ३० ईन्च र फुलाउंदा न्यूनतम ३२ ईन्च<br>(ग) वजनः न्यूनतम ५० के.जी.(११० पौण्ड) | (क) उचाईः न्यूनतम ४ फिट १० ईन्च<br>(ख) वजनः न्यूनतम ४० के.जी. (८८ पौण्ड) |
| ३. | चस्मा प्रयोग गर्ने भएमा आंखा ± २ भन्दा बढी कमजोर नभएको हुनुपर्ने । | | |

**(ग) अन्य योग्यता :** उल्लिखित पदका उम्मेदवारहरु स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ । अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९" र "भर्ना छनौट निर्देशिका, २०७१"** मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

६. **उमेरको हद** : उम्मेदवारहरुको उमेर दरखास्त पेस गर्ने अन्तिम **मिति २०८२/०८/२७** गतेसम्म निम्न अनुसार हुनु पर्नेछ ।

| सि.नं. | पद | पुरुष/महिला |
|---|---|---|
| १. | सैन्य | १८ वर्ष पूरा भई २२ वर्ष ननाघेको **(जन्म मिति २०६०/०८/२७ गतेदेखि मिति २०६४/०८/२७ गतेसम्म)** र नेपाली सेनाको बहालवाला उम्मेदवारहरुको हकमा २६ वर्ष ननाघेको **(मिति २०५६/०८/२७ गते र सो पछि जन्म मिति भएको)** हुनु पर्नेछ । |
| २. | विभिन्न ट्रेडका फलोअर्स | १८ वर्ष पुरा भई २६ वर्ष **(जन्म मिति २०५६/०८/२७ गतेदेखि मिति २०६४/०८/२७ गतेसम्म)** ननाघेको हुनु पर्नेछ । |

७. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि :**

(क) दरखास्त पेस गर्ने अन्तिम मिति २०८२/०८/२७ गतेका दिन न्यूनतम सेवा अवधि १ (एक) वर्ष पूरा भएको हुनुपर्नेछ ।

(ख) युनिटपतिको सिफारिस पेस गर्नुपर्नेछ ।

८. **दरखास्त साथ समावेश गर्नुपर्ने आवश्यक कागजातहरु** : देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि उम्मेदवार स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेस गर्नुपर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरु मान्य हुनेछैन । दरखास्त साथ पेस गरिने सबै कागजातहरुको सक्कल प्रति साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) सबै शैक्षिक योग्यताहरुको लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।

(ग) नेपालका विद्यालय/विश्वविद्यालयहरू बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयहरुबाट उपाधी हासिल गर्नेहरूको हकमा पाठ्यक्रम विकास केन्द्र वा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।

(घ) शैक्षिक योग्यता बाहेक आफूले प्राप्त गरेको अन्य प्रमाणपत्रहरु (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धी प्रमाणपत्रहरु भएमा ।

(ङ) **सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दागर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततीहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेस गर्नुपर्नेछ ।**

(१) श्री समारोह सञ्चालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती/कर्तव्य पालनाको सिलसिलामा मृत्यु/अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।

(२) बहालवाला सैनिकको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।

(३) सम्बन्धित उम्मेदवारसँगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफ** : उम्मेदवारले हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको देहाय अनुसारको फोटो दरखास्त साथ पेस गर्नुपर्नेछ ।

(क) पासपोर्ट साईजको फोटो प्रति-४ (चार) ।

(ख) २X२ साईजको फोटो प्रति-१ (एक) ।

१०. **सम्पर्क मिति र स्थान** : मिति २०८२/०९/११ गतेको ११०० बजे दरखास्त पेस गरेको सम्बन्धित भर्ना छनौट केन्द्रमा ।

११. **छनौट प्रक्रिया** : देहाय बमोजिमका छनौट प्रक्रिया सञ्चालन हुनेछ ।

(क) **सैन्य पद:** छनौट परीक्षा अन्तर्गत वियरिङ्ग तथा प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट सञ्चालन हुनेछ), विस्तृत स्वास्थ्य परीक्षण र अन्तर्वार्ता हुनेछ ।

(ख) **विभिन्न ट्रेडका फलोअर्स पद:** छनौट परीक्षा अन्तर्गत वियरिङ्ग तथा प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, प्रयोगात्मक परीक्षा (ब.का.सि. पदको लागि बाहेक), विस्तृत स्वास्थ्य परीक्षण र अन्तर्वार्ता हुनेछ ।

(ग) सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स पदहरुको वियरिङ्ग तथा शारीरिक परीक्षाको मापदण्ड श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** को **VACANCY & REQUIREMENTS** मा अपलोड गरिएका विज्ञापनमा हेर्न सकिनेछ ।

(घ) उम्मेदवारहरुको छनौट परीक्षा सम्बन्धित भर्ना केन्द्रहरुमा सञ्चालन हुनेछ ।

१२. <u>तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु</u> : नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार हुनेछ।

१३. <u>अन्य शर्तहरु</u> :

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत कर्मचारीले दरखास्त फाराममा आफु कार्यरत रहेको व्यहोरा अनिवार्य रुपमा उल्लेख गरी विभागीय स्वीकृति पत्र समेत दरखास्त पेस गर्दा नै बुझाउनु पर्नेछ र त्यसो नगरेमा आवेदन लगायत सम्पूर्ण परीक्षा रद्ध गरिनेछ।

(ख) समावेशी तर्फका पुरुष उम्मेदवारहरुको हकमा आदिवासी/जनजाति, मधेशी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन्। तर महिलाको हकमा यो व्यवस्था लागु हुनेछैन। साथै, पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरुले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन्।

(ग) महिलाको हकमा **Direct Combat Duties/Close Combat Role** (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका **Combat Related Duties/Combat Support/Combat Service Support** (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराइनेछ।

(घ) उम्मेदवारहरु (बहालवाला सैनिक व्यक्ति बाहेक) अविवाहित हुनुपर्नेछ र सैन्य पदको हकमा तालिम अवधिभर विवाह गर्न पाईने छैन।

(ङ) आवेदकले एउटै विज्ञापन नम्बर र समान पदमा एउटा भर्ना छनौट केन्द्रमा मात्र आवेदन दिन पाइनेछ।

(च) अन्य शर्तहरु नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN NEPALI ARMY** भित्र **Recruitment & Selection** मा वा आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** मा गई हेर्न सकिनेछ।

१४. <u>अनलाईन दरखास्त फाराम भर्ने सम्बन्धमा जानकारी</u> :

(क) नेपाली सेनाको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** मा गई **"Apply Online"** मा **Click** गर्ने।

(ख) अनलाईन दरखास्त फाराम भर्न निम्न अनुसारको विवरणहरु नेपाली युनिकोडमा भर्नु पर्नेछ। साथै उम्मेदवारको फोटो, नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु र राजश्व दस्तुर तिरेको भौचरको स्क्यान/डिजिटल कपी अनिवार्य आवश्यक पर्दछ।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण (३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा उम्मेदवारको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा तोकिएको न्यूनतम योग्यता प्रविष्ट (Entry) गरी मान्य भएपछि मात्र उम्मेदवारले त्यसपछि भर्नुपर्ने फारामहरुमा प्रवेश पाउनेछन्।

(घ) आवश्यक विवरण तथा डकुमेन्टहरु प्रविष्ट/अपलोड भए पछि राजश्व तिरेको भौचरको स्क्यान/डिजिटल कपी अपलोड गरी **Submit Application** गर्ने र उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेशपत्र, राजश्व दस्तुरको भौचर डाउनलोड गरी **PDF Format** मा **Save** गर्ने र प्रिन्ट गर्ने।

(ङ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो र हुलाक टिकट टाँस गरी निवेदकको सहिछाप सहित आफूले छनौट गरेको भर्ना छनौट केन्द्रमा तोकिएको मिति भित्र पेस गर्नुपर्नेछ ।

(च) यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सोको प्रिन्ट सहितको फाराम भर्ना छनौट केन्द्रमा नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र **Submit** गरेको फारामलाई मान्यता दिईने छैन ।

(छ) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो जिज्ञासा/कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ । साथै, थप केहि जानकारी लिनु परेको खण्डमा सूचना प्रविधि निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९३०५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

१५. **विशेष सूचना**: सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.०७९/८० देखि समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानुन बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१६. यस विज्ञापनको विस्तृत विवरण तथा छनौट परीक्षा सम्बन्धी सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** भित्र **VACANCY & REQUIREMENTS** मा र पद अनुसारको पाठ्यक्रमहरु **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, थप जानकारी लिनु परेको खण्डमा आफूलाई पायक पर्ने भर्ना छनौट केन्द्र वा श्री भर्ना छनौट निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९४७८ मा कार्यालय समयभित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ ।

(रोज प्रताप ज.ब.रा.)
सहायक रथी
निर्देशक